**राजस्व न्यायाधिकरण काठमाण्डौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

**२०७५।०७६ सालको निर्णय नं. १२**

**पुनरावेदन नं. ९७-०७४-RB -००६७**

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११ थापाथली स्थित नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज प्रा.लि. को अधिकार प्राप्त महाप्रबन्धक ऐ.ऐ. बस्ने बर्ष ५९ को मोहन प्रसाद खनाल-----------------------------------------------------१ } पुनरावेदक

विरुद्ध

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर ----------------------------------१ } प्रत्यर्थी

**मुद्दाः-मूल्य अभिबृद्धि कर (आ. व.२०६६/०६७)**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :विद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री अञ्चन भट्टराई

**अविलम्वित नजीरः** ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री शंकर प्रसाद खरेल

शुरु कर्यालयको निर्णय मितिः–२०७१।०५।१८

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

पुनरावलोकनको निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग

पुनरावलोकनको निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री चुडामणी शर्मा

पुनरावलोकनको निर्णय मिति : २०७३।०३।०८

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुबाट मूल्य अभिवृद्धि कर र जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक कम्पनीको यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**मुद्दाको तथ्य :**

१. अस्पताल सेवा प्रदान गर्ने पुनरावेदक करदाता नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज प्रा.लि. को आ. व. २०६६/०६७ को पूर्ण कर लेखा परिक्षण सम्पन्न भई पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिबृद्धि कर नियमावलि, २०५३ को नियम २९(१) बमोजिम कर, जरिवाना, व्याज र थप दस्तुर समेत जम्मा रु. १६,२३,९१४।०० को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७१।०४।२८ मा जारी भएको रहेछ ।

२. करदाताका प्रतिनिधिले उक्त कर निर्धारण आदेश कानुनको म्यादभित्रै मिति २०७४।०४।२८ मा बुझिलिई सो को जवाफ मिति २०७१।०५।११ मा पेश गरेका रहेछन । करदाताको नाममा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश अनुसारको कर, जरिवाना, व्याज र थप दस्तुर समेतको जम्मा रु. १६,२३,९१४। को मूल्य अभिबृद्धि कर नियमावलि, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने भन्दै ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१।०५।१८ मा निर्णय भएको रहेछ ।सो निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा मिति २०७२।०६।१३ मा निवेदन दिएकोमा कार्यलयले कानूनसम्मत रुपमा कर, जरिवाना, व्याज र थप दस्तुर निर्धारण गरेको देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम पुनरावेदक करदाता नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज प्रा.लि. का तर्फबाट पत्र यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदन दायर हुन आएको देखियो ।

३. पुनरावेदक नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज प्रा.लि. का तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको पाइयो :-

क. पुनरादेदक कम्पनिले आफूले खरिद पैठारी गरेका सामानहरु नेपाल लेखामानको व्यवस्था अनुसार खरिद खातामा चुस्त दुरुस्त राखी कानूनले तोकेको प्रकृया बमोजिम मात्र आफ्नो कारोवार संचालन गर्दै आएको छ ।

ख. कम्पनिले प्रस्तुत कर अवधिमा कुनै खास एउटै भवन वा युनिट निर्माणमा खर्च गरेको नभै सो रकम अस्पतालका विभिन्न ब्लक निर्माणमा खर्च गरेकोले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३) आकर्षित हुने अवस्था छैन ।

ग. कम्पनिले निर्माण कार्य सम्पन्न गर्नको लागी कुल्लि तथा श्रमिकहरुलाई प्रदान गरिएको ज्याला समेत गाभी मूल्य अभिबृद्धि कर दर्ता नभएको ब्यक्तिद्धारा निर्माण गराईएको भनि अन्यायिक रुपमा करको भार बोकाएको मिलेन ।

घ. कम्पनिले ५० लाख भन्दा बढीको निर्माण कार्यमा मूल्य अभिबृद्धि कर विजक लिएको छ भने सो भन्दा कमको निर्माण कार्यमा कानून बमोजिम गरि आएको छ ।

ङ. कानूनमा स्पष्ट रुपमा नै व्यवसायिक प्रयोजनका लागी निर्माण हुने संरचनाको हकमा मात्र दर्ता भएको ब्यक्तिबाट गराउनु पर्ने अनिवार्यता छ । निवेदक कम्पनिले निर्माण गरेको अस्पतालको संरचना ब्यवसायिक नभएको अवस्थामा कुनै पनि कानूनी सो संरचनालाई ब्यवसायिक नामाकरण गरी करको भार बोकाउन मिल्दैन ।

च. तसर्थ, कम्पनिले ब्यवसायिक प्रयोजनको लागी संरचना निर्माण नगरेको अवस्थामा कानूनको गलत अर्थ लगाई कसूर स्थापित गर्न नमिल्ने हुँदा कार्यालयबाट मूल्य अभिवृद्धि कर र जरिवाना, थप दस्तुर एवं ब्याज समेत दाखिला गर्नुपर्ने गरी भएको आदेश त्रुटिपूर्ण भएकोले वदर गरी पाउँ ।

## ठहर

४. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नारायण नेपाल र श्री कृष्ण पोखरेलको वहस सुनियो । वहसका क्रममा विद्वान अधिवक्ताले मूलतः पुनरावेदनपत्रमा उल्लेखित जिकिरहरुलाई नै आधार बनाई आ.व. २०६६।०६७ को मूल्य अभिबृद्धि करको हकमा मिति २०७१।०५।१८ को निर्णयानुसार भएको अन्तिम कर निर्धारणको आदेश बदर गरी पाउँ भनी जिकिर लिनु भएको छ ।

५. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अञ्चन भट्टराईले करदाताको तर्फबाट कर निर्धारण गर्नुनपर्ने कुनै पनि ठोस प्रमाण पेश नभएको हुँदा कार्यालयको निर्णय मनासिव नै रहेकोले सदर हुनुपर्छ भन्ने वहस प्रस्तुत गर्नुभयो ।

६. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतः देहाय अनुसार हुने देखियो ।

७. प्रत्यर्थी कार्यालयले Building Capitilazed गरेको रकम मध्ये समूह (क) अन्तर्गत सम्पत्ति थप गरेकोमा सोको निर्माण कार्य गराउँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) र मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६(ख) को व्यवस्था परिपालन नगरिएको हुँदा मूल्य अभिवृद्धि कर भुक्तानी भए जति रकम घटाई हुन आउने जम्मा रु. ५४,९९,८५९।५१ को निर्माण गर्दा भुक्तानी गरेको अवधि र मूल्यमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २०(१)(ख) बमोजिम १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु. ७,१४,९८२।– लगाई सोही आधारमा जरिवाना थप दस्तुर र व्याज लगाउने गरी भएको निर्णय त्रुटिपूर्ण रहेको सम्बन्धमा हेर्दाः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवस्था भए बमोजिम भवन वा अपार्टमेन्ट वा सपिङ्ग कम्प्लेक्स वा अन्य संरचना मूल्य अभिबृद्धि करमा दर्ता नभएको व्यक्तिबाट निर्माण गरिएको भएता पनि दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ । यस दफामा भएको व्यवस्था अनुसार कर दाखिला गर्नुपर्ने दायित्व यस्तो संरचनाको स्वामित्ववालाको भएकोमा कुनै विवाद छैन । तर यस्तो कर कुन अवधिमा दाखिला गर्ने भन्ने ऐन वा नियमावलीमा एकिन रुपमा व्यवस्था गरेको देखिंदैन । यसले गर्दा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसारको कर कहिले र कहाँ दाखिला गर्नु पर्ने भनी समयावधि नतोकिएको अवस्थामा करदाताले आफ्नो सुविधा अनुसारको समयमा दाखिला गर्न नपाउने भन्न मिल्ने देखिंदैन । सबै प्रकृतिका मू.अ.कर दाखिला गर्ने समयावधि तोकिएको भएता पनि उक्त समयमा मू.अ.कर ऐन, २०५२ को दफा ८(३) अनुसारको मू.अ.कर कहिले दाखिला गर्ने भन्ने समयावधि तोकिएको देखिदैन । मू.अ.कर ऐन २०५२ को दफा ८(३) को व्यवस्थालाई व्याख्या र स्पष्ट गरी तथा कर दाखिला गर्ने समयावधि तोकी मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट परिपत्र जारी भएको देखिन्छ । सो परिपत्रलाई विभागको वेभसाइटमा राखिएको व्यहोराको सूचना मिति २०७३।१०।२१ को गोरखापत्र दैनिकमा प्रकाशन गरिएको देखिन्छ । कानूनत् दाखिला गर्नुपर्ने एकिन अवधि नै नतोकिएको अवस्थामा कर दाखिला गर्नुपर्ने दायित्व भएता पनि कर ढिलो बुझाएको भन्ने मानि करदातालाई जरिवाना वा व्याज वा थप दस्तुर बहन गर्न लगाउन कानूनत् मिल्ने देखिन आएन । तर यसै सम्बन्धमा मू.अ.कर प्रशासन गर्ने आन्तरिक राजस्व विभागबाट अन्तिम पटक मिति २०७०।७।३ मा दफा ८(३) मा भएको व्यवस्थालाई व्याख्या गरी सो अनुसार दाखिला गर्नुपर्ने मू.अ.कर दाखिला गर्नुपर्ने अवधि तोकेको देखिन्छ ।

८. पुनरावेदकले पुनरावेदन पत्रमा भवन लगायतको स्थायी संरचना एउटा मात्र निर्माण गरेको नभै एक भन्दा बढी संरचना निर्माण गरेको र सो संरचनाहरुको निर्माण लागत पचास लाखभन्दा

घटी भएको भनी जिकिर लिएको देखिन्छ । मू.अ.कर ऐन, २०५२ को दफा ८(३) मा रहेको कानूनी व्यवस्था हेर्दा कुनै एक संरचनाको निर्माण लागत पचास लाख रुपैया भन्दा बढी हुन पर्ने भन्ने नभई पचास लाख भन्दा बढीको ऐनमा उल्लेख भए बमोजिम व्यवसायिक प्रयोजन स्थायी संरचना निर्माण गर्दा मू.अ.कर मा दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएता पनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिंदा मू.अ.क नलाग्ने भन्ने पुनरावेदन जिकिर सँग सहमत हुन सकिएन ।

९. मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) र २६(१) बमोजिम करदाताले बुझाउनु पर्ने कर रकम म्यादभित्र दाखिला नगरेको अवस्थामा मात्र थप दस्तुर र व्याज लाग्ने व्यवस्था भएको, दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर दाखिला गर्ने सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन र नियमावलीमा कुनै अवधि नतोकिएकोले दफा ८(३) को कार्यान्वयनको सम्बन्धमा मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट जारी परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको, सो परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको कुरा स्वयं आन्तरिक राजस्व विभागले उक्त परिपत्रलाई आफ्नो Website मा राखिएको कुरा मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेकोबाट प्रमाणित भइरहेको र यस्ता विषयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ ख (२) बमोजिम आफ्नो Website मा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था भएको सन्दर्भमा गोरखापत्रमा प्रकाशित सूचनाले उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म ठूला करदाता कार्यालय, ललितपुरको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ ।

१०. अतः स्थायी लेखा नं. ५०००८०९८० भएका पुनरावेदक करदाता नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज प्रा.लि. को आ.व. २०६६।०६७ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरु ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको मिति २०७१।०५।१८ को निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।०३।०८ मा भएको निर्णयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणको लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्मको निर्णय मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

<u>तपसिल</u>

११. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज प्रा.लि. को आ.व. २०६६।०६७ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरू ठूला करदाता कार्यालयले मिति २०७१।५।१८ मा गरेको निर्णयमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणको लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्मको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्‍याई फैसला भएकोले पुनरावेदक करदाताको धरौटी रकम हिसाव गरी फिर्ता दिनु वा अर्को कर अवधिको तिर्नुपर्ने कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयमा लेखि पठाउनु.........................................................................................१

प्रस्तुत मुद्दाको फैसला भएको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु..................................................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू..................................................................................................३

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

टिपोट गर्नेः -श्री सीता अधिकारी (शाखा अधिकृत)

इति सम्वत् २०७५ साल अशोज महिना १० गते रोज ०४ शुभम् ..........................